## *चुकिसोइ सपोर्ट* अर्थात् 'साथमा गएर सपोर्ट' उपयोग सर्तहरु (2024 साल अगस्तमा संशोधित)

यो सेवा, NPO तोयोनाका अन्तर्राष्ट्रिय केन्द्रद्वारा प्रदान गरिएको हो, जसले आवेदकहरुलाई अस्पताल जस्ता स्थानहरूमा साथमा गएर अनुवाद सेवा प्रदान गर्दछ। यो सेवा एकपटकमा २ घण्टा सम्म लिनसक्नु हुन्छ। यदि यो भन्दा बढी समय लाग्ने देखिन्छ भने, कृपया हामीलाई सम्पर्क गर्नुहोस्।
सेवा उपलब्ध स्थानहरू: अस्पताल, स्वास्थ्य क्लिनिक, बैंक, कर कार्यालय, तोयोनाका-सि मातहत बाहेक अन्य विद्यालयहरू

**सेवा शुल्क:** तोयोनाका-सि नगरवासीको लागि आर्थिक वर्ष (अप्रिलदेखि मार्चसम्म) ३ पटकसम्म निःशुल्क
चौथो पटकदेखि प्रति पटक ३,००० येन
तोयोनाका-सि नगरवासी बाहेकको लागि: प्रत्येक पटक: ३,००० येन
सेवा सकिएपछि जति सक्दो चाँडो निम्न खातामा रकम भुक्तानी गर्नुहोला।
(सेवा निरन्तरता लागि, तपाईहरुको साथ र सहयोगको लागि अनुरोध गर्दछौं।)

| |
|---|
| ゆうちょ銀行　記号 14070 番号 41318851<br>トクテイヒエイリカツドウホウジンコクサイコウリュウノカイ（トヨナカ） |

**आवेदन गर्ने तरिका:**
विशेष फारमबाट आवेदन दिनुहोला। (अहिलेको लागि, इमेल tifatsukisoi@gmail.com र फोन कल 08064419957 पनि स्वीकार गरिन्छ)
**आवेदन म्याद:** सकेसम्म एक हप्ता अगाडि सम्ममा आवेदन दिनुहोला।
**ध्यान दिनु पर्ने कुराहरू:**

- सपोर्टरहरुलाई सिधै अनुवाद सेवाको लागि अनुरोध गर्नुहोला।
- सपोर्टरहरुको कन्ट्याक्ट नम्बर सोधे पनि दिन मिल्दैन।
- यो सेवा रद्द गर्न चाहनुहुन्छ भने कृपया हामीलाई कम्तिमा एक दिन अगावै सम्पर्क गर्नुहोस्। यदि तपाईंले सोही दिन रद्द गर्नुभयो भने, हामी तपाईंलाई अनुवाद सेवा प्रदान गरेको भनी मान्नेछौं।
- हामीहरु यस सेवाको व्यवस्था गर्ने सक्दो प्रयास गर्नेछौ, तर सधै उपलब्ध हुने ग्यारेन्टी छैन।

कृपया तलको सहमति पत्र पढेर हस्ताक्षर गर्नुहोला।

### आवेदक र तोयोनाका अन्तर्राष्ट्रिय केन्द्र 'साथमा गएर सपोर्ट' बीचको सहमति पत्र

म, तपाईको तोयोनाका अन्तर्राष्ट्रिय केन्द्रको सपोर्टरको साथमा उपरोक्त स्थानमा गएर अनुवाद सेवा उपलब्ध गराउनको लागि अनुरोध गर्दछु। सपोर्टरले कुनैपनि कारणले सही अनुवाद गर्न नसकेको अवस्थामा, म तपाईको संगठन र सपोर्टरलाई कुनै पनि कानूनी दायित्वको लागि जिम्मेवार ठहराउने छैन। साथै, म साथमा गएर अनुवाद सेवा र सपोर्टमा संलग्न व्यक्तिहरुको मानव अधिकारको सम्मान र गोपनीयताको रक्षा गर्ने कोसिस गर्नेछु।

सहमति मिति:
आवेदकको नाम:

(सपोर्टरले भर्नुपर्ने ठाउँ)
हामी, सत्यनिष्ठ र विश्वासयोग्य अनुवादको लागि प्रतिबद्ध छौ। साथै, आवेदकको गोपनीयता पालन गर्नेछौ। प्राप्त जानकारीलाई केवल साथमा गएर अनुवाद सेवा दिने कामको लागि मात्र उपयोग गरिनेछ।
सहमति मिति
सपोर्टरको नाम